बैठक नं.१५ 							आ.व. २०८१/८२

स्थानः पालिका अध्यक्ष ज्यूको कार्यकक्ष 				मितिः २०८१।११।१५ गते विहिवार

समयःदिनको ३.०० वजे

उल्लेखित समय,मिति र स्थानमा बढैयाताल गाँउपालिकाका अध्यक्ष श्री हिमालय त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल अनुसार सदस्य ज्यूहरूको उपस्थितिमा गाँउ कार्यपालिकाको बैठक वस्यो । उपस्थिति तथा भएका निर्णयहरू यस प्रकार छन ।

| सि न | नाम-थर | पद | | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री हिमालय त्रिपाठी | अध्यक्ष | | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी अधिकारी | उपाध्यक्ष | | सदस्य | |
| ३ | श्री प्रेम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | | सदस्य | |
| ४ | श्री डिला देव गिरी | वडा अध्यक्ष | | सदस्य | |
| ५ | श्री लल्लन अहिर | वडा अध्यक्ष | | सदस्य | |
| ६ | श्री नरे थापा | वडा अध्यक्ष | | सदस्य | |
| ७ | श्री तुलाराम चौधरी | वडा अध्यक्ष | | सदस्य | |
| ८ | श्री शुक्रराज सापकोटा | वडा अध्यक्ष | | सदस्य | |
| ९ | श्री राधे श्याम थारू | वडा अध्यक्ष | | सदस्य | |
| १० | श्री तेजनाथ पौडेल | वडा अध्यक्ष | | सदस्य | |
| ११ | श्री विर बहादुर थारु | वडा अध्यक्ष | | सदस्य | |
| १२ | श्री टिकाराम सुनार | कार्यपालिका सदस्य | | सदस्य | |
| १३ | श्री आइत राम परियार | कार्यपालिका सदस्य | | सदस्य | |
| १४ | श्री चन्द्रकला वि क | कार्यपालिका सदस्य | | सदस्य | |
| १५ | श्री दिलमाया सुनार | कार्यपालिका सदस्य | | सदस्य | |
| १६ | श्री देवी सरा रैदास | कार्यपालिका सदस्य | | सदस्य | |
| १७ | श्री कोपीला मल्ल | कार्यपालिका सदस्य | | सदस्य | |
| १८ | श्री विकाश शर्मा रिजाल | प्रमुख प्रशासकीय अधिकृत | | सचिव | |

आमन्त्रीत

| सि.न. | नाम थर | पद | कार्यरत शाखा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रमेश डाँगी | सहाय चौथो | जिन्सि शाखा | |
| २. | उसमान साई | अधिकृत छैटौं | प्रशासन | |
| ३ | कमल खवास थोकी | स.प.से | अ.प.शाखा | |

गाँउकार्यपालिकाको आ.ब.०८१/०८२ बैठक नं. १५ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति: २०८१/११/१५ समय: दिउसो ३ बजे

प्रस्ताव नं.: १ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

हिमालय त्रिपाठी
अध्यक्ष

प्रस्ताव : अमानतमा काम गराउने सम्वन्धमा ।

निर्णयका कानुनी आधार. स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा २ को घ(६), दफा ६४ को उपदफा १(च), लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०८१ को दफा ८(१) र सो संग सम्बन्धित अनुसूची ६ र नदी जन्य पदार्थ व्यवस्थापन कार्यबिधि २०७५ बमोजिम

निर्णय हुनु पर्ने : अमानतमा बालुवा तथा माटो बिक्री बितरण गर्ने निर्णय हुनु पर्ने ।

**भएको निर्णय**

निर्णय नं १ स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा २ को घ(६), दफा ६४ को उपदफा १(च), लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०८१ को दफा ८(१) र सो संग सम्बन्धित अनुसूची ६ मा कर उठाउन मिल्ने भएको व्यवस्था बमोजिम बढैयाताल गाउँपालिका अन्तरगत रहेका तपसिलका घाटको बालुवा उत्खनन तथा बिक्री वितरणका लागि प्रारामिभक वातावरणिय परिक्षण गराई पहिलो पटक मिति २०८१/०८/२८ र दोस्रो पटक मिति २०८१/१०/२५ गरी दुई पटक ठेक्का लगाउदा समेत कोही कसैको ठेक्का नपरेकाले लुम्बिनी प्रदेशको नदी जन्य पदार्थ व्यवस्थापन कार्यबिधि २०७५ दफा ७ उपदफा ६ अनुसार अमानतबाट बिक्री गर्न सकिने भएकोले निम्न लिखित राजश्व बुझाई मानखोलाको गुरुदयालपुर घाट केलाबारी (गन्धर्ब बस्ती मानकिनार ) घाट र मान झुन्डी सामुदायिक वन नजिक मान खोलाको बगर क्षेत्रबाट बालुवा र बढैयाताल क्षेत्र पहिलो भागबाट माटो उत्खनन गरी बालुवा प्रति घन फिट रु ८ (मु.अ. कर बाहेक र माटो प्रति घन फिट रु ३.३० (मु.अ. कर बाहेक) दर कायम गरी बिक्री बितरण गर्न तपसिलका घाटका लागि तपसिलका वडा कार्यालयहरु जिम्मा रहने गरी राजश्व उठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | घाटको नाम | जिम्मेवार वडा | खटाउने व्यक्ति | पारिश्रमिक |
|---|---|---|---|---|
| १ | गुरुदयालपुर घाटको बालुवा र बढैयाताल क्षेत्र पहिलो भागबाट माटो उत्खनन | ५ नं. वडा कार्यालय | दिपक थारु | २०००० |
| २ | केलाबारी (गन्धर्ब बस्ती मानकिनार ) घाट | ४ नं. वडा कार्यालय | इराज बि सी | २०००० |
| ३ | मान झुन्डी सामुदायिक वन नजिक मानखोलाको बगर क्षेत्र | ३ नं. वडा कार्यालय | रमेश यादब | २०००० |

पुनश्च : माथी उल्लेखित घाटका लागि तोकिएका व्यक्तिको करार अवधि १ महिना हुनेछ र पछि काम सन्तोष जनक भएमा प्रमुख प्रशासकिय अधिकृतले म्याद थप गर्न सक्ने छ । व्यक्ति परिवर्तन गर्नु परेमा वडा कार्यालयको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले परिवर्तन गर्न सक्ने छ । निजहरुको पारिश्रमिक गाउँपालिकाको कर्मचारी पारिश्रमिक शिर्षक बाट भुक्तानी दिइने छ ।

घाट खुलाउने अवधि: मिति २०८१/११/२१ देखी २०८२ जेठ मसान्त सम्म हुने छ ।

CamScanner

घाट खुलाउने समय: बिहान ६.३० बजे देखी साँझा ६ बाजे सम्म ।

रसिद नकाटी लुकी छुपी चोरी पैठारी गरेको पाइएमा आर्थिक ऐन बमोजिम दण्ड जरिबाना गरिने छ ।

हिमालय त्रिपाठी
अध्यक्ष

**राजश्व बिवरण (बालुवाको)**

| क स | बिवरण | प्रति ट्रलि (घ.मि). | रोयल्टि रकम रु | बाटो मर्मत शुल्क | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | टयक्टर सिंगल ट्रालि | २.८२ | ९०५ | ५० | ९५५ (मु.अ. कर सहित ) |
| २ | टयक्टर (डबल ट्रालि डाला लगाएको) | ४ | १२८० | ७५ | १३५५ (मु.अ. कर सहित ) |
| ३ | टिप्पर १२ चक्के | १२ | ३८४० | २५० | ४०९०(मु.अ. कर सहित ) |
| ४ | टिप्पर ६चक्के | ७ | २२४० | १५० | २३९० (मु.अ. कर सहित ) |

**राजश्व बिवरण (माटोको)**

| क स | बिवरण | प्रति ट्रलि (घ.मि). | रोयल्टि रकम रु. | बाटो मर्मत शुल्क | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | टयक्टर सिंगल ट्रालि | २.८२ | ३७५ | ५० | ४२५ (मु.अ. कर सहित ) |
| २ | टयक्टर (डबल ट्रालि डाला लगाएको) | ४ | ५३० | ७५ | ६०५(मु.अ. कर सहित ) |
| ३ | टिप्पर १२ चक्के | १२ | १५८५ | २५० | १८३५(मु.अ. कर सहित ) |
| ४ | टिप्पर ६ चक्के | ७ | ९२५ | १५० | १०७५ (मु.अ. कर सहित ) |

प्रमाणीकरण : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उपदफा २ ज बमोजिम

नाम: बिकाश शर्मा रिजाल
कार्यपालिका सचिव एवंम प्रमुख प्रशासकीय अधिकृत
मिती : २०८१/११/१५

गाँउकार्यपालिकाको आ.ब.०८१/०८२ बैठक नं. १५ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति: २०८१/११/१५ समय: दिउसो ३.०० बजे

प्रस्ताव नं.: २ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

हिमालय त्रिपाठी अध्यक्ष

प्रस्ताव : प्रधान मन्त्री रोजगार कार्यक्रमको आयोजनाहरु छनौट सम्वन्धमा ।

निर्णयका कानुनी आधार. प्रधान मन्त्री रोजगार कार्यक्रम मन्त्रालय निर्देशिका २०७५ बमोजिम

निर्णय हुनु पर्ने : प्रधान मन्त्री रोजगार कार्यक्रमको आयोजनाहरु छनौट हुनु पर्ने ।

भएको निर्णय

निर्णय नं १ नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको पत्र संख्या ४-०८१/८२ च.न. १२१ मिति २०८१/०६/१६ को परिपत्रको बुदा नं. ५ वडा नं.२,४,६,७ र ८ मा आई. डी. ए.को रकम रहेकोमा ५० कार्यदिन बराबरको रकम तालिममा र ५० कार्यदिन बराबरको रकम आयोजनाको काममा खर्च गर्ने भएको व्यवस्था बमोजिम भुक्तानी हुने गरी र बाँकी वडाको आयोजनाको काममा खर्च गर्ने गरी यस बढैयाताल गाउँपालिका अन्तरगत आ.ब.२०८१/८२मा संचालन हुने तपसिलका वडामा तपससिलका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं | आयोजना | रकम | श्रोत |
|---|---|---|---|---|
| १ | १ | कच्ची बाटो निर्माण तथा मर्मत आयोजना<br>- पुकारको घरदेखि बाटो सम्म, मनकला परियारको घर देखि वडा कार्यालय जाने बाटो र पुस्कर दमाईको घर देखि बाटो सम्म<br>- ५ नं चोक देखि जुन्याले जाने बाटो<br>- १६३ थप प्लट देखि ७ नं थप प्लट सम्म | ४६७६०० | नेपाल सरकार |
| २ | २ | कच्ची बाटो निर्माण तथा मर्मत आयोजना<br>- सितापुर ३४० को घर देखि उत्तर पूर्व झोलुंगे पुल सम्म<br>- २५६ नं को थप प्लट देखि पूर्व भक्तु सिंह ठकुरीको घर सम्म<br>- जमुनी ऐलानी देखि पश्चिम सिमलको रुख हुदै नहर सम्म<br>- २०६ नं को घर देखि २१० नं को घर सम्म | ५३४४०० | आई. डी. ए. |
| ३ | ३ | ढुंगानाको घर पूर्व देखि हुलाकी सडक जोड्ने र श्री नेरा मा बि गोव्रेपुर पछाडी गु जाने कच्ची बाटो निर्माण तथा मर्मत आयोजना | ४६७६०० | नेपाल सरकार |
| ४ | ४ | शाखा नहर देखि दक्षिणभकारी र सिक्टी रिहार देखि ५ नं को सिमाना सम्म कुलो निर्माण र बुटाहा नयाँ बाटो निर्माण | ५३४४०० | आई. डी. ए. |
| ५ | ५ | दुन्द्रा, तमौलिया, फुलपु र र पिपलचोक कच्ची बाटो निर्माण तथा मर्मत आयोजना | ४६७६०० | नेपाल सरकार |
| ६ | ६ | उगवा गाउँ भडङ्ग थारुको घर हुदै बल बहादुर थारुको घर सम्म कच्ची बाटो निर्माण तथा मर्मत आयोजना | ५३४४०० | आई. डी. ए. |
| ७ | ७ | नुइया थारुको घर देखि भण्डारी को घर सम्म, पचासा र टेक बहादुरको खेत देखि अमृत सुवेदीको खेत सम्म पहाडिपुर कच्ची बाटो निर्माण तथा मर्मत आयोजना | ५३४४०० | आई. डी. ए. |
| ८ | ८ | कच्ची बाटो निर्माण तथा मर्मत आयोजना<br>- दैलेखी टोल देखि थापा टोल जाने बाटो र ११ न नाला देखि दल बहादुर गुरुङको खेत जाने बाटो<br>- बह्राघरे नन्दा थापाको घर देखि सत्यसाई कन्स्ट्रक्शन सम्म<br>- पुरानो तिल्काना छबिलाल सुबेदीको घर देखि दैलेखी टोल सम्म<br>- डडैना नाला देखि सशस्त्र प्रहरी सम्म र गौरीपारा पुछार देखि मुनालबस्ति प्रवेश गर्ने जंगल मुख सम्म | ५३४४०० | आई. डी. ए. |
| ९ | ९ | विकाशनगर र शक्तिनगर कच्ची बाटो निर्माण तथा मर्मत आयोजना | ५५५७७६ | नेपाल सरकार |
| १० | ९ | कालिका मन्दिर देखि गणेशपुर, जुक्तिनगर र दक्षिण टोल कच्ची बाटो निर्माण तथा मर्मत आयोजना | ३१२६२४ | नेपाल सरकार |

प्रमाणीकरण : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उपदफा २ ज बमोजिम

नाम: बिकाश शर्मा रिजाल

कार्यपालिका सचिव एवंम प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८१/११/१५

गाँउकार्यपालिकाको आ.ब.०८१/०८२ बैठक नं. १५ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति: २०८१/११/१५ समय: दिउसो ३.०० बजे

प्रस्ताव नं.: ३ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

हिमालय त्रिपाठी अध्यक्ष

प्रस्ताव : आ.ब. २०८२/०८३ को लागी संघीय कृषि तथा पशुपंक्षी विकाश मन्त्रालयमा बाट(कृषि विकास तर्फ) माँग गरिने प्रस्तावित बजेट तथा कार्यक्रम सम्वन्धमा ।

निर्णयका कानुनी आधार. स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम

निर्णय हुनु पर्ने : आ.ब. २०८२/०८३ को लागी संघीय कृषि तथा पशुपंक्षी विकाश मन्त्रालयमा बाट(कृषि विकास तर्फ) माँग गरिने प्रस्तावित बजेट तथा कार्यक्रम निर्णय हुनु पर्ने ।

भएको निर्णय

निर्णय नं १ आ.ब. २०८२/०८३ को लागी संघीय कृषि तथा पशुपंक्षी विकाश मन्त्रालयमा बाट(कृषि विकास तर्फ) माँग गरिने प्रस्तावित बजेट तथा कार्यक्रम तपसिल अनुसार माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | प्रस्तावित कार्यक्रम | जम्मा लागत रु | माँग गरिएको रकम रु हजारमा | लाभग्राही को लगानी रकम रु | उपलब्धि |
|---|---|---|---|---|---|
| | **चालू खर्च अन्तरगत संचालन गरिने कार्यक्रमहरु** | | | | |
| १ | खाद्यान्न,दलहल तथा तेलहन विउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | २५०० | १२५० | १२५० | पालिका गुणस्तर विउ उत्पादनमा आत्म निर्भर हुनुको साथै आयात प्रतिस्थापन हुने |
| | मौरी उत्पदन तथा प्रवर्द्धन कार्यक्रम | २००० | १००० | १००० | यस पालिकामा मह उत्पादन गरि कृषकको आयस्तर बृद्धि गर्ने प्रचूर सम्भावना रहेको |
| ३ | हिँउदे मकै उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | २००० | १००० | १००० | यस पालिकामा संचालित पशुपंक्षी जन्य दाना उत्पादन उद्योग कच्चा पदार्थमा आत्मनिर्भर हुनुको साथै कृषकहरुको आयआर्जन मा बृद्धि हुने। |
| ४ | मौसमी तथा बेमौसमी तरकारी पकेट स्थापना तथा प्रवर्द्धन | १५०० | ७५० | ७५० | तरकारीमा आत्मनिर्भर हुनुको साथै आयस्तरमा बृद्धि हुने |
| ५ | विदेशबाट फर्केका अथवा कृषि अध्यन गरि वेरोजगार रहेका यूवा लक्षित कार्यक्रम | २५०० | १२५० | १२५० | उत्पानमा बृद्धि तथा रोजगारी श्रृजना |
| | **जम्मा चालू** | **१०५००** | **५२५०** | **५२५०** | |
| | **पूँजीगत खर्च अन्तरगत** | | | ० | |
| ९ | कृषि शाखाको नाममा दर्ता श्रेष्ता कायम जग्गामा निर्माणाधीन कृषि उपज संकलन केन्द्रमा हरियो तथा ताजा तरकारी भण्डारणको लागी कोल्ड च्याम्बर स्थापना | १५०० | १५०० | | हरियो तथा ताजा तरकारी भण्डारणमा सहयोग |
| १० | कृषि जन्य उत्पादन बृद्धिको लागी भौतिक संरचना (नर्सरी तथा प्लास्टिक टनेल लगायत अन्य औजार उपकरण)निर्माण तथा खरीदमा सहयोग | १५०० | ७५० | ७५० | कृषि जन्य उत्पादन सामग्रीमा पालिका आत्मनिर्भर हुनुको साथै आयस्तरमा बृद्धि हुने। |
| | **जम्मा पूँजीगत** | **३०००** | २२५० | ७५० | |
| | **कूल जम्मा (चालू र पँजीगत)** | **१३५००** | **७५००** | **६०००** | |

प्रमाणीकरण : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उपदफा २ ज बमोजिम

नाम: बिकाश शर्मा रिजाल

कार्यपालिका सचिव एवंम प्रमुख प्रशासकीय अधिकृत

मिती : २०८१/११/१५

CamScanner

गाँउकार्यपालिकाको आ.ब.०८१/०८२ बैठक नं. १५ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति: २०८१/११/१५ समय: दिउसो ३.०० बजे

प्रस्ताव नं.: ४ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

हिमालय त्रिपाठी
अध्यक्ष

| |
|---|
| प्रस्ताव : आर्थिक सहयता सम्वन्धमा । |
| निर्णयका कानुनी आधार. स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम |
| निर्णय हुनु पर्ने : आर्थिक सहयता उपलब्ध गराउनु पर्ने । |
| भएको निर्णय<br>निर्णय नं १ अति बिपन्न वर्गका तपसिलका व्यक्तिहरुको घरको मुख्य गार्जेन व्यक्ति अकालमा दुर्घटनामा ज्यान गुमाएकाले काम क्रिया गर्न तथा स साना बालबालिकाहरुको पालन पोषण गर्न तपसिलको आर्थिक सहयता पालिकाको आर्थिक सहयता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।<br>तपसिल<br>१. बढैयाताल ४ बस्ने खुम बहादुर चन्दको पत्नी धन कुमारी ठकुरानीलाइ रु १५००० (पन्ध्र हजार)<br>२. बढैयाताल ३ बस्ने मोहिद्दिन जागाको पत्नी जहिरा बेगमलाई रु १८००० (अठारा हजार)<br>निर्णय नं २<br>१ नेपाल मगर संघ बढैयातालको मगर एकता दिवसमा भएको बिबिध खर्च रु ७००० (सात हजार) पालिकाको बिबिध खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |
| प्रमाणीकरण : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उपदफा २ ज बमोजिम<br>नाम: बिकाश शर्मा रिजाल<br>कार्यपालिका सचिव एवंम प्रमुख प्रशासकीय अधिकृत<br>मिती : २०८१/११/१५ |

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल